नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
जनशक्ति व्यवस्थापन विभागको

# सूचना

यस बैंकमा प्रशासन सेवातर्फ रिक्त रहेको अधिकृत तृतीय पद स्थायी रुपमा पूर्ति गर्नुपर्ने भएको हुँदा योग्यता पुगेका तथा कुनै बात कसुर नलागेका इच्छुक योग्य नेपाली नागरिकले यस बैंकको दरखास्त फाराममा भएको विवरण उल्लेख गरी आफूले प्राप्त गरेको नागरिकता तथा एस.एल.सी. वा सो सरह र सो भन्दा माथिको शैक्षिक योग्यताको सम्पूर्ण प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र हालै खिचिएको पासपोर्ट साइजको ३ प्रति फोटो संलग्न गरी यस बैकको केन्द्रीय कार्यालय जनशक्ति व्यवस्थापन विभाग, वालुवाटारमा २०७२ साल श्रावण १० गतेका दिनभित्र दरखास्त पेश गर्न आव्हान गरिएको छ । दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट दरखास्त पेश गर्न सकिनेछ । म्याद भित्र दाखिला नभएको र रीत नपुगी आएको दरखास्तउपर कुनै किसिमको कारवाही हुने छैन । उक्त कार्यको लागि काठमाण्डौमा आउँदा, रहँदा र फर्किदाको खर्च उम्मेदवार आफैंले व्यहोर्नु पर्नेछ ।

१. (क) **पद :- अधिकृत तृतीय (प्रशासन सेवा)**

(ख) **आवश्यक पद संख्या :- २५**

| विज्ञापन नं. | समावेशी समूहतर्फ | संख्या |
|---|---|---|
| १.१/२०७२ | अपांग | १ |
| १.२/२०७२ | दलित | १ |
| १.३/२०७२ | मधेशी | २ |
| १.४/२०७२ | आदिवासी/जनजाति | ३ |
| १.५/२०७२ | महिला | ४ |
| १.६/२०७२ | **खुल्ला प्रतियोगितातर्फ** | **१४** |

(ग) **आवश्यक न्यूनतम शैक्षिक योग्यता :-** त्रिभुवन विश्वविद्यालय वा मान्यताप्राप्त विश्वविद्यालयबाट अर्थशास्त्र वा वाणिज्यशास्त्र वा व्यवस्थापन वा जनप्रशासन विषयमा स्नातकोत्तर सरहको परीक्षा उत्तीर्ण गरेको ।

२. (क) **पद :- अधिकृत तृतीय (प्रशासन सेवा)**

(ख) **आवश्यक पद संख्या :- ६**

| विज्ञापन नं. | समावेशी समूहतर्फ | संख्या |
|---|---|---|
| २.१/२०७२ | मधेशी | १ |
| २.२/२०७२ | आदिवासी/जनजाति | १ |
| २.३/२०७२ | महिला | १ |
| २.४/२०७२ | **खुल्ला प्रतियोगितातर्फ** | **३** |

(ग) **आवश्यक न्यूनतम शैक्षिक योग्यता :-** त्रिभुवन विश्वविद्यालय वा मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर सरहको CA/ACCA/CPA परीक्षा उत्तीर्ण गरेको हुनु पर्नेछ ।

३. **दरखास्तको आधार :-** समावेशी समूहको लागि छुट्याइएको पदमा दरखास्त दिने उम्मेदवारले देहायको आधारमा दरखास्त दिनु पर्नेछ :-

(क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सो सूचीको आधारमा,
तर, नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नु पर्नेछ ।

(ख) मधेसीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको आधारमा,
तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नु पर्नेछ ।

(ग) दलितको हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,
तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नु पर्नेछ ।

(घ) अपाङ्गको हकमा स्वीकृत चिकित्सकको सिफारिशमा समाज कल्याण परिषदबाट अपाङ्गता प्रमाणित गरेको आधारमा ।

४. **तलब भत्ता तथा सुविधा :-** तलब स्केल रु.२८,१००।- – रु.१,४०५।- – रु.४६,३६५।- साथै बैंकको नियमानुसार अन्य भत्ता तथा सुविधाहरु ।

५. **उम्मेदवारको उमेर :-** दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनु पर्नेछ । महिला उम्मेदवारको हकमा उमेरको माथिल्लो हद ४० वर्ष ननाघेको हुनु पर्नेछ ।

६. **उमेरको हद :-** यस बैंकको वहालवाला कर्मचारीहरुलाई उमेरको हद लाग्ने छैन ।

७. **परीक्षाको किसिम :-** पूर्व-योग्यता, लिखित र अन्तर्वार्ता परीक्षाको माध्यमबाट उम्मेदवारको छनौट गरिनेछ ।

८. **परीक्षणकाल अवधि :-** महिला कर्मचारीलाई ६ महिना र पुरुष कर्मचारीलाई १ वर्ष ।

९. **निवृत्तभरण पाउने वा नपाउने :-** निवृत्तभरण पाउने ।

१०. **दरखास्त दस्तुर :-** खुला प्रतियोगिताको लागि दरखास्तसाथ रु.८००।- (परीक्षा दस्तूर रु ७००/- र दरखास्त फारम दस्तूर रु. १००/-) बुझाउनु पर्नेछ। खुला प्रतियोगिताको लागि दरखास्त दिने उम्मेदवार समावेशी समूहमा सम्मिलित हुने भए प्रत्येक समूहको लागि रु ३००।- का दरले थप दस्तुर बुझाउनु पर्नेछ । तर खुला प्रतियोगितातर्फ दरखास्त नदिई समावेशीतर्फको एउटा समूहमा मात्र दरखास्त दिने उम्मेदवारले रु ८००।- र एक भन्दा बढी समूहमा सम्मिलित हुन चाहनेले प्रत्येक समूहको लागि रु.३००।- का दरले थप दस्तुर बुझाउनु पर्नेछ । माथि उल्लिखित दस्तुर यस बैंकको बैकिङ्ग कारोवार हुने कार्यालयको नाफा नोक्सान आम्दानी फुटकर हिसाबमा जम्मा गरेको सक्कल भौचर दरखास्तसाथ संलग्न हुनु पर्नेछ ।

११. **दरखास्त फारम :-** दरखास्त फारम यस बैंकको केन्द्रीय कार्यालय, जनशक्ति व्यवस्थापन विभागबाट उपलब्ध गराइने छ । साथै, यस बैंकको वेवसाइटबाट डाउनलोड गरिएको दरखास्त फारम भरी

बुझाउन समेत मिल्नेछ । दोब्बर दस्तूर तिरी दरखास्त बुझाउने म्याद थप गर्ने प्रावधान नरहेको हुँदा निर्धारित अवधी भित्रै दरखास्त पेश गर्नुपर्नेछ ।

१२. **समकक्षता निर्धारण प्रमाणपत्र :-** उपर्युक्त पदमा दरखास्त दिने उम्मेदवारले नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि समेत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

१३. **सम्पर्क मिति र स्थान** :- २०७२ साल भाद्र १० गतेका दिन बिहान ११.०० बजे नेपाल राष्ट्र बैक केन्द्रीय कार्यालय वालुवाटारमा ।

१४. **परीक्षा हुने मिति र स्थान :-** सम्पर्क मितिका दिन जानकारी गराइनेछ ।

१५. दरखास्त फाराम, लिखित परीक्षाको पाठ्यक्रम तथा यो सूचना नेपाल राष्ट्र बैंकको **website: www.nrb.org.np** मा **careers @ NRB** अन्तर्गत राखिएको छ ।

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
जनशक्ति व्यवस्थापन विभाग

**मितिः-२०७२/०३/१०**

**(नारायणप्रसाद पौडेल)**
**कार्यकारी निर्देशक**